# यस बैंकको कार्यालयीय प्रयोजनका लागि घरभाडामा लिइएको बारेको सूचना

मिति २०७२ वैशाख महिनामा आएका विनाशकारी भुकम्पबाट यस बैंकको केन्द्रिय कार्यालयको मुख्य भवन, बैंकिंग कार्यालय, टक्सार महाशाखा लगायतका भवनहरुमा ठूलो क्षति पुगी केन्द्रीय बैंकले सम्पादन गर्दै आइरहेका कार्यहरुमा समेत प्रभाव पर्ने देखिएकाले तत्काल उपयुक्त स्थानमा भवन भाडामा लिई केही विभाग तथा महाशाखाहरुलाई स्थानान्तरण गरी सेवा सुचारु गर्ने सम्बन्धमा यस बैंकको निर्णय बमोजिम विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभाग र समस्याग्रस्त संस्था रिजोलुसन महाशाखालाई का.जि.का.म.न.पा.वडा नं. २९, लैनचौरमा अवस्थित प्रभु बैंक लि. को स्वामित्वमा रहेको घरको पहिलो, दोश्रो र तेश्रो तल्ला भाडामा लिन देहाय बमोजिमका प्रमुख शर्तहरु सहित सम्झौता सम्पन्न भएको व्यहोरा सहित उक्त संझौताका प्रमुख बुँदाहरु देहाय बमोजिम रहेको व्यहोरा सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रभु बैंकको उपर्युक्त भवनको पहिलो, दोश्रो र तेश्रो तल्लाको प्रति वर्ग फीट रु.४४/- (घर वहाल तथा अन्य कर समेत) का दरले १७०९० वर्गफिट कार्यालय संचालन गर्ने प्रयोजनार्थ मासिक रु. ७,५१,९६०।- (अक्षरेपी सात लाख एकाउन्न हजार नौ सय साठी मात्र), घर बहाल कर समेत प्रति महिनाका दरले एक वर्षका लागि वहालमा लिइएको :

| | |
|---|---|
| प्रथम तल्लाको क्षेत्रफल | ५४७० वर्गफिट |
| दोश्रो तल्लाको क्षेत्रफल | ५८१० वर्गफिट |
| तेश्रो तल्लाको क्षेत्रफल | ५८१० वर्गफिट |
| **जम्मा क्षेत्रफलः-** | **१७०९० वर्गफिट** |

२. यो करारनामा २०७२/२/२५ देखि २०७३ बैशाख मसान्तसम्मका लागि लागू हुनेछ । कुनै विशेष अवस्था सृजना भएमा यो करारनामाको अवधि अगावै कुनै पक्षले ३ (तीन) महिनाको पूर्व सूचना दिई यो करारनामाको अन्त्य गर्न सक्नेछ । उक्त अवधि भुक्तान पश्चात यस करारनामामा लेखिएका शर्त र अवधि सम्बन्धमा आपसी समझदारीमा परिवर्तन गरी वा नगरी दुवै पक्षको मञ्जुरीमा यो करार नवीकरण गर्न सकिने छ ।

३. बहाल स्थानमा राखिएको आफ्नो सामान तथा सम्पत्ति सुरक्षित राख्ने एवम् वीमा गर्ने दायित्व यस बैंकको हुनेछ भने स्थीर र पूर्ववत रहेका सामानको बीमा गर्ने दायित्व प्रभु बैंक लि. कै हुनेछ ।

४. हाललाई सो भवनको सम्वन्धित तल्लाहरुमा रहेको फर्निचर फिक्चर यस बैंकले उपभोग गर्नेछ ।

५. यस बैंकको सुविधाको लागि भवनभित्र ५ वटा र वाहिर नजिक स्थानमा प्रभु बैंकले नै सम्झौता गरी करिब ५० वटा चार पांग्रे सवारी साधनलाई पुग्ने गरी यथेष्ठ पार्किङ्ग गर्ने सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

६. घर बहाल सम्वन्धी यस सम्झौताले प्रभु बैंक लि. र यस बैंक बीचको ईजाजतपत्र प्राप्त बैंक र नियमनकारी निकायको सम्वन्धमा कुनै पनि प्रभाव पार्ने छैन । साथै, यसै कारणले मात्र प्रभु बैंक लि. ले प्रचलित कानून तथा नियमनकारी निकायको हैशियतले यस बैंकले जारी गरेको आदेश, निर्देशन, मागर्दशन आदिको पालनाका सम्वन्धमा कुनै पनि छुट वा सुविधा प्राप्त गर्ने छैन ।